राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०७६।७७ को वार्षिक कार्य प्रगति विवरण

१. मुख्य मुख्य कार्य प्रगति एवं उपलब्धीहरुः

१.१ प्रदेश तथा स्थानीय तहको जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पुर्वाधारको विकास लगायतका विस्तृत आधार (सूचक) र ढाँचाका आधारमा संघ, प्रदेश र स्थानीयं सरकारबीच राजस्वको बाँडफाँड गर्ने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको।

१.२ प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता, पूर्वाधार विकासको अवस्था र आवश्यकता, मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता लगायतका सूचकाङ्कका आधारमा संघीय संचित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको। वित्तीय समानीकरण अनुदान हस्तान्तरणको सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मापनको सूचकलाई पनि आधार लिईएको।

१.३ राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पुर्वाधारको अवस्था अनुसार नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गरिएको ।

१.४ समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिमा निर्धारण गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरिएको ।

१.५ पर्वतारोहण, वन, विद्युत र खानी तथा खनिज सम्बन्धी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी विषयगत अलग अलग सूचकांकका आधारमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँड गर्ने गरी सो सम्बन्धी रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गरिएको।

१.६ स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता, पूर्वाधार विकासको अवस्था र आवश्यकता, मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता लगायतका सूचकाङ्कका आधारमा सवै प्रदेशबाट सम्बद्ध स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको।

१.७ प्रदेशबाट स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

१.८ सम्बन्धित स्थानीय तहको जनसंख्या, सडकको लम्बाई, वन तथा हरीयाली लगायतका सूचक एवं ढाँचाका आधारमा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरीने सवारी साधन कर बाँडफाँड गरी प्रदेश सरकारलाई सिफारिस गरिएको ।

१.९ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली २०७६ तर्जुमा गरी लागू गरिएको।

१.१० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आचारसंहिता,२०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको।

१.११ आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६ तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरीएको र सातवटै प्रदेशका अलग अलग प्रदेशगत वार्षिक प्रतिवेदन,२०७६ तयार गरी माननीय प्रदेश प्रमुखज्यूहरू समक्ष प्रस्तुत गरिएको।

२. वार्षिक कार्यक्रमको प्रगति विवरण:

२.१ कार्यक्रमगत प्रगति

| क्र सं | ब.ख.नं | खर्च शिर्षक | कार्यक्रम तथा क्रियाकलापहरु | बजेट (रु. लाख मा) | जिम्मेवार शाखा | हालसम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| १ | २.५.२.१ | २२४११ | प्रदेश तथा स्थानिय तहको राजस्व क्षमता निर्धारण गर्ने अध्ययन गर्ने | ३५ | राजस्व बाँडफाँड शाखा | विश्वबैंकको सहकार्यमा यस सम्बन्धी अध्ययन भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको र सो प्रतिवेदनमा उल्लेखित तथ्यांक वीत्तीय समानीकरण अनुदान सिफारिसका लागि प्रयोग गरिएको। (नेपाल सरकार तर्फको विनियोजित रकम बचत भई अर्थ मन्त्रालयमा फिर्ता गरिएको।) |
| २ | २.५.२.२ | २२४११ | वित्तीय समानिकरण अनुदान बाँटफाटका निम्ति प्रदेश तथा स्थानिय तहको खर्चको आवश्यकता यकिन गर्न अध्ययन गर्ने | ३० | अनुसन्धान तथा नीति विश्लेषण शाखा | |
| ३ | २.७.७.१७ | २२५२२ | प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी सम्वन्धी अध्ययन गर्ने | १५ | कानून शाखा | |
| ४ | २.५.२.३ | २२४११ | प्रदेश तथा स्थानीय तहमा विद्यमान आर्थिक सामाजिक तथा अन्य असमानता सम्बन्धी तथ्याकं अद्यावधिक गर्ने | ५ | तथ्यांक विश्लेषण शाखा | अध्ययन प्रतिवेदन प्राप्त भई आयोगबाट गरिएको वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग गरिएको। |
| ५ | २.५.४.१ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयरको नवीकरण तथा नियमित सुधार गर्ने | ३ | प्रशासन शाखा | प्रणाली नविकरण भई नियमित सुधार भइरहेको। |
| ६ | २.६.२.१ | २२५११ | आयोगका कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने | १२ | योजना, कार्यक्रम तथा अनुगमन शाखा | आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि, वित्तीय संघीयता, कम्प्यूटर तालिम र ड्राईभिङ्ग तालिम सञ्चालन गरिएको । |
| ७ | २.६.६.१ | २२५१२ | वित्तीय हस्तान्तरण राजस्व बाँटफाँट र प्राकृतिक स्रोतको परिचालन तथ्यांक संकलन र अध्यावधिक गर्न समग्र पक्षहरुको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | ४५ | राजस्व बाँडफाँड शाखा | अवधारणा पत्र तयार भई कार्यक्रम गर्ने तयारी भएकोमा नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र बमोजिम अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम स्थगन गरिएको। |

| क्र सं | ब.ख.नं | खर्च शिर्षक | कार्यक्रम तथा क्रियाकलापहरु | बजेट | जिम्मेवार शाखा | हालसम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| ८ | २.६.६.२ | २२५१२ | वित्तीय संघीयता र प्राकृतिक स्रोतको परिचालनका विविध पक्षका सम्बन्धमा प्रदेश तथा स्थानीय तहमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम गर्ने | ४२ | वित्तीय हस्तान्तरण तथा आन्तरिक ऋणव्यवस्थापन शाखा | सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्री तथा मन्त्रीहरू लगायतको सहभागितामा छलफल तथा अन्तरक्रिया गरी सुझावहरु संकलन गरिएको । |
| ९ | २.६.६.३ | २२५१२ | वित्तीय संघीयता र प्राकृतिक स्रोतको परिचालनका विविध पक्षका सम्बन्धमा केन्द्रस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने | १५ | योजना, कार्यक्रम तथा अनुगमन शाखा | सातवटै प्रदेशका अर्थ मन्त्रालयका सचिवहरू समेतको सहभागितामा दुइ दिने अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी प्रदेशहरुलाई सहजिकरण गरिएको। |
| १० | २.६.६.४ | २२५१२ | प्रदेश सरकारको कार्यसम्पादन सूचक तथा यसको मापनको कार्यविधि तयार गरी सो सम्बन्धी विश्लेषणात्मक कार्यशाला गोष्ठी प्रदेश स्तरमा सञ्चालन गर्ने | १४ | अनुसन्धान तथा नीति विश्लेषण शाखा | सबै प्रदेशमा स्थलगत रुपमा प्रदेश सरकारको कार्य सम्पादन मापनको सूचक तयार गरी सो वमोजिमको विवरण संकलन गरी वित्तीय समानीकरण अनुदान सिफारिसका लागि प्रयोग गरिएको। |
| ११ | २.७.५.१ | २२५२२ | वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने | १० | योजना, कार्यक्रम तथा अनुगमन शाखा | वार्षिक प्रतिवेदन प्रकाशन गरी सम्माननीय राष्ट्रपतिज्यूसमक्ष तथा सबै प्रदेशसँग सम्बन्धित प्रतिवेदन सम्बन्धित माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको। |
| १२ | २.७.७.१ | २२५२२ | प्राकृतिक स्रोतको परिचालन उपयोग तथा रोयल्टी बाँडफाँडका विषयमा उत्पन्न विवादहरुको क्षेत्रगत (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज) अध्ययन गर्ने | २५ | विद्युत तथा जलस्रोत रोयल्टी शाखा | क्षेत्रगत रुपमा तथ्यांकहरु अद्यावधिक गरी राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, रोयल्टी बाँडफाँड, सवारी साधन कर बाँडफाँड सम्बन्धी सिफारिसका लागि प्रयोग गरिएको। |
| १३ | २.७.७.२ | २२५२२ | क्षेत्रगत रुपमा प्राकृतिक स्रोतहरुको प्रदेश तथा स्थानीय तहअनुसार रोयल्टी समेतको समग्रस्थिति खुल्ने गरी नक्सांकन तथा तथ्यांक अद्यावधिक गर्ने (Digital Inventory) तयार गर्ने | २५ | वन रोयल्टी तथा वातावरण प्रभाव मुल्याङ्कन शाखा | प्राकृतिक स्रोतहरुको तथ्यांक अद्यावधिक गर्ने Digital Inventory तयार भएको । |

| क्र सं | ब.ख.नं | खर्च शिर्षक | कार्यक्रम तथा क्रियाकलापहरु | बजेट लाख | जिम्मेवार शाखा | हालसम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| १४ | २.७.७.६ | २२५२२ | तिनै तहका सरकारले राजस्व कर तथा रोयल्टी समेतको गैरकर असुलीमा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययन गर्ने | २५ | राजस्व बाँडफाँड शाखा | स्थानिय तहले परिचालन गर्ने सम्पत्ती कर सम्बन्धमा स्थानीय तहमा दुइ वटा छलफल कार्यक्रम सम्पन्न गरी सुझाव संकलन गरिएको । |
| १५ | २.७.७.७ | २२५२२ | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानका आधारहरु निर्माण गर्न अध्ययन गर्ने | १५ | वित्तीयहस्तान्तरण तथा आन्तरिक ऋणव्यवस्थापन शाखा | परामर्श सेवा खरिद गरिएकोमा देशव्यापी बन्दाबन्दीका कारण तथ्याङ्क प्रासी, प्रदेश र स्थानीय तहमा छलफल तथा अन्तर्क्रिया गर्न कठिन देखिएकोले सम्झौता रद्द गरिएको ।यस सम्बन्धमा आयोगबाट नै आवश्यक अध्ययन गरी आधारहरु तयार गरिएको |
| १६ | २.७.७.१०२ | २२५२२ | आयोगको दीर्घकालीन रणनीतिक योजना निर्माण गर्ने | १० | योजना, कार्यक्रम तथा अनुगमन शाखा | आयोगको दीर्घकालीन रणनीतिक योजनाको प्रारम्भिक प्रतिवेदन तयार भएको । |
| १७ | २.७.७.१३२ | २२५२२ | प्रदेश तथा स्थानीय तहको राजस्व बाँडफाँडको लागि आवश्यक तथ्यांक संकलन र अध्यावधिक कार्यक्रम गर्ने | ५ | तथ्यांक विश्लेषण शाखा | तथ्यांक संकलन गरी सोका आधारमा राजस्व बाँडफाँड र अनुदान सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गरिएको। |
| १८ | २.७.७.१५२ | २२५२२ | प्रदेश तथा स्थानीय तहको प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको लागि आवश्यक तथ्यांक संकलन र अध्यावधिक गर्ने | ५ | तथ्यांक विश्लेषण शाखा | तथ्यांक संकलन गरी सोका आधारमा रोयल्टीको हिस्सा बाँडफाँड सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको। |
| १९ | २.७.५.२ | २२५२२ | वित्तीय संघीयताका विविध पक्षमा प्रकाशन (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | ३ | योजना, कार्यक्रम तथा अनुगमन शाखा | आयोगको काम कारबाही र वित्तीय संघियताका बारेमा समिटएको आयोगको जानकारी पुस्तिका प्रकाशन गरिएको । |

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

## आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट र खर्चको विवरण

| सि.नं. | ब.उ.शी.नं. | वार्षिक बजेट (रु.लाखमा) | खर्च (रु.लाखमा) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | २२०००००१३ | ६८.० | ११.० | |
| २ | २२००००११३ | ७८२.० | ४३६.० | |
| ३ | ६०१०००१३३ | १७.५ | १७.५ | |
| ४ | ६०१०००१६३ | १२.७ | १२.७ | |
| चालु खर्च तर्फको जम्मा | | ८८०.२ | ४७७.२ | ५४.२ |
| ५ | २२००००११४ | ७०.० | १६.० | |
| पूँजीगत खर्च तर्फको जम्मा | | ७०.० | १६.० | २२.९ |
| कुल जम्मा | | ९५०.२ | ४९३.२ | ५१.९ |

*******************

अनुसूची -

नियम २० को उपनियम (३) र नियम २५ को उपनियम (१) संग सम्बन्धित

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

# आ.व. २०७६।७७ को वार्षिक लक्ष्य प्रगति विवरण

ब.उ.शि.नं. २२०००००११३/४ (राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग)

(रकम रु. हजारमा)

| क्रम संख्या | कार्यक्रम/क्रियाकलापहरु | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेश्रो चौमासिक अवधीसम्मको लक्ष्य | | | तेश्रो चौमासिक अवधीसम्मको भौतिक प्रगती | | | यस अवधीसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| १ | वित्तीय समानीकरण अनुदान बाँडफाँटका निम्ति प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता यकिन गर्न अध्ययन गर्ने | २२४११ | संख्या/पटक | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १००.०० | ६१८.३० | ६१.८३ | |
| २ | प्रदेश तथा स्थानीय तहमा विद्यमान आर्थिक सामाजिक तथा अन्य असमानता सम्बन्धी सूचक अद्यावधिक गर्ने | २२४११ | संख्या/पटक | १ | १.६९ | ५००.०० | १ | १.६९ | ५००.०० | १ | १.६९ | १००.०० | ४५०.०० | ९०.०० | |
| ३ | आयोगका कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन | २२४११ | संख्या/पटक | ६ | ४.०७ | १२००.०० | ६ | ४.०७ | १२००.०० | ४ | २.७१ | ६६.६७ | ६८३.७० | ५६.९८ | |
| ४ | वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट र प्राकृतिक स्रोतको परिचालन, तथ्याङ्क संकलन र अद्यावधिक गर्न समग्र पक्षहरुको बारेमा प्रदेश तथा स्थानीय स्तरमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने | २२५१२ | संख्या/पटक | १८ | १५.२५ | ४५००.०० | १८ | १५.२५ | ४५००.०० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ५ | वित्तीय संघीयता र प्राकृतिक स्रोतको परिचालनका विविध पक्षका सम्बन्धमा प्रदेश र स्थानीय तहमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने | २२५१२ | संख्या/पटक | १४ | १४.२४ | ४२००.०० | १४ | १४.२४ | ४२००.०० | ७ | ७.१२ | ५०.०० | १९०२.९० | ४५.३१ | |
| ६ | वित्तीय संघीयता र प्राकृतिक स्रोतको परिचालनका विविध पक्षका सम्बन्धमा केन्द्रस्तरमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने | २२५१२ | संख्या/पटक | ३ | ५.०८ | १५००.०० | ३ | ५.०८ | १५००.०० | ३ | ५.०८ | १००.०० | ५८८.९० | ३९.२६ | |
| ७ | प्रदेश सरकारको कार्यसम्पादन सूचक तथा यसको मापनको कार्यविधि तयार गरी सो सम्बन्धी विश्लेषणात्मक कार्यशाला गोष्ठी प्रदेशस्तरमा संचालन गर्ने | २२५१२ | प्रदेश | ७ | ४.७५ | १४००.०० | ७ | ४.७५ | १४००.०० | ० | ०.०० | ०.०० | ४१३.८० | २९.५६ | कार्यविधि तयार भएको |
| ८ | स्थानीय तहको कार्यसम्पादन सूचक तथा यसको मापनको कार्यविधि तयार गरी सो सम्बन्धी विश्लेषणात्मक कार्यशाला गोष्ठी प्रदेशस्तरमा संचालन गर्ने | २२५१२ | प्रदेश | ७ | ३.७३ | ११००.०० | ७ | ३.७३ | ११००.०० | ० | ०.०० | ०.०० | २२७.४० | २०.६७ | कार्यविधि तयार भएको |
| ९ | वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन | २२५२२ | संख्या/पटक | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १००.०० | १०००.०० | १००.०० | |
| १० | वित्तीय संघीयताका विविध पक्षमा प्रकाशन | २२५२२ | संख्या/पटक | २ | १.०२ | ३००.०० | २ | १.०२ | ३००.०० | २ | १.०२ | १००.०० | ५६.२० | १८.७३ | |
| ११ | क्षेत्रगत रुपमा प्राकृतिक स्रोतहरुको प्रदेश तथा स्थानीय तह अनुसारको रोयल्टी समेतको समग्र स्थिति खुल्ने गरी नक्साङ्कन तथा तथ्याङ्क अद्यावधिक गर्ने (Digital Inventory तयार गर्ने) | २२५२२ | क्षेत्र | ५ | ८.४७ | २५००.०० | ५ | ८.४७ | २५००.०० | ५ | ८.४७ | १००.०० | १९३६.०० | ७७.४४ | |
| १२ | तीनै तहका सरकारले राजस्व असूलीमा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययन गर्ने | २२५२२ | पटक | १ | ८.४७ | २५००.०० | १ | ८.४७ | २५००.०० | १ | ८.४७ | १००.०० | ७७.४० | ३.१० | |
| १३ | प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानका आधार निर्धारण गर्न अध्ययन गर्ने | २२५२२ | पटक | १ | ५.०८ | १५००.०० | १ | ५.०८ | १५००.०० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १४ | आयोगको दीर्घकालीन रणनीतिक योजना निर्माण | २२५२२ | पटक | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १०००.०० | १ | ३.३९ | १००.०० | ९९.४० | ९.९४ | |

| क्रम संख्या | कार्यक्रम/क्रियाकलापहरु | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेश्रो चौमासिक अवधीसम्मको लक्ष्य | | | तेश्रो चौमासिक अवधीसम्मको भौतिक प्रगती | | | यस अवधीसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| १५ | वित्तीय संघीयता र प्राकृतिक स्रोतको परिचालन सम्बन्धमा अनुगमन सम्बन्धी मापदण्ड तथा सूचक सहितको कार्यविधि तर्जुमा | २२५२२ | वटा | १ | १.६९ | ५००.०० | १ | १.६९ | ५००.०० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १६ | चौमासिक तथा वार्षिक प्रगति समीक्षा | २२५२२ | पटक | ३ | १.०२ | ३००.०० | ३ | १.०२ | ३००.०० | ३ | १.०२ | १००.०० | ७.०० | २.३३ | |
| १७ | प्रदेश तथा स्थानीय तहको राजस्व बाँडफाँटको लागि आवश्यक तथ्याङ्क संकलन तथा अद्यावधिक | २२५२२ | पटक | ५ | १.६९ | ५००.०० | ५ | १.६९ | ५००.०० | १ | ०.३४ | २०.०० | १३.३० | २.६६ | |
| १८ | प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरणको लागि आवश्यक तथ्याङ्क संकलन तथा अद्यावधिक | २२५२२ | पटक | ५ | १.६९ | ५००.०० | ५ | १.६९ | ५००.०० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १९ | प्रदेश तथा स्थानीय तहका प्राकृतिक स्रोतका रायल्टी बाँडफाँटका लागि आवश्यक तथ्याङ्क संकलन तथा अद्यावधिक | २२५२२ | पटक | ५ | १.६९ | ५००.०० | ५ | १.६९ | ५००.०० | ५ | १.६९ | १००.०० | ३२७.४० | ६५.४८ | |
| २० | संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी सम्बन्धी अध्ययन | २२५२२ | पटक | १ | ५.०८ | १५००.०० | १ | ५.०८ | १५००.०० | १ | ५.०८ | १००.०० | २०६.०० | १३.७३ | |
| २१ | मोटरसाईकल/स्कुटर खरिद | ३११२१ | संख्या | ६ | ५.०८ | १५००.०० | ६ | ५.०८ | १५००.०० | ६ | ५.०८ | १००.०० | १२३१.४० | ८२.०९ | |
| (क) | जम्मा | | | | १००.०० | २९५००.०० | | १००.०० | २९५००.०० | | ५७.९७ | ५७.९७ | ९८३९.१० | ३३.३५ | |
| (ख) | प्रशासनिक खर्च | | | | | ६२५०० | | | ६२५०० | | | | ३६५१५.४० | ५८.४२ | |
| (ग) | कुल जम्मा | | | | १००.०० | ९२००० | | १००.०० | ९२००० | | ५७.९७ | ५७.९७ | ४६३५४.५० | ५०.३९ | |

तयार गर्नेको दस्तखत:

पेश गर्नेको दस्तखत

प्रमाणित गर्नेको दस्तखत